**नेपाल सरकार**

**शहरी विकास मन्त्रालय**

# सङ्घीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय

**सानोगौचरन, काठमाडौं**

## चमेना गृह सञ्चालनका लागि सिलवन्दी प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

**प्रकाशन मितिः २०८१।१२।१५ (28th March, 2025)**

यस कार्यालय अन्तर्गत सिंहदरबार परिसरभित्र केन्द्रीय सर्भिस सेन्टर भवनको भुई तल्लामा रहेको चेमना गृह (Food Court) लाई व्यवस्थित रुपमा सञ्चालन गरी गुणस्तरीय खाजा तथा खानाको व्यवस्थापन गर्न प्रचलित कानून बमोजिम चमेना गृह सञ्चालन गर्न इच्छुक फर्म वा कम्पनीबाट यस कार्यालयबाट तयार गरिएको मेनु अनुसार खाना तथा खाजाका विभिन्न परिकार एवं चिया लगायत निर्धारित पेय पदार्थहरुको मूल्य सूचीको प्रस्ताव सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्रमा रु.१,०००।- मात्र फिर्ता नहुने गरी यस कार्यालयको राजश्व खाता नम्बर ३४७०१३५०७, राजश्व शीर्षक नम्बर १४२२९ र कार्यालय कोड ३४७०१३५०७ मा नगद जम्मा गरेको भौचर र जमानत वापतको रकम रु.१,००,०००।- नेपाल राष्ट्र बैंकमा रहेको खाता नम्बर १२०१२००००१००२५२४ र कार्यालय कोड ३४७०१३५०७ मा जम्मा गरी सोको भौचर वा फाराम बुझाउँने अन्तिम मितिले कम्तिमा ७५ दिन म्याद (२०८२ जेठ २७ सम्म) कायम रहने गरी वाणिज्य बैंक वा वित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको शर्त रहितको बैंक ग्यारेण्टी संलग्न गरी प्रस्तावमा उल्लेख गरिए बमोजिम रीतपूर्वक सिलवन्दी प्रस्ताव मिति २०८१ चैत ३१ गते मध्यान्ह १२:०० बजे भित्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। प्रस्ताव सम्बन्धी कागजात यस कार्यालयको खरिद इकाईबाट प्राप्त गर्न र खरिद इकाईमा दाखिला गर्न सकिनेछ। सिलवन्दी प्रस्ताव सोही दिन (२०८१ चैत ३१ गत) दिनको १४:०० बजे यस कार्यालयको प्रतिनिधिको रोहवरमा खोलिनेछ। प्रस्ताव स्वीकृत गर्ने/नगर्ने अन्तिम अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ। साथै यस सम्बन्धी अन्य जानकारी सोही कागजातबाट प्राप्त हुने व्यहोरा समेत जानकारी गराइन्छ।

**सुपरिन्टेन्डेन्ट ईन्जिनियर**